कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था,, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि विकास कार्यालय,
## रुकुम (पश्चिम भाग)

कार्यालय कोड नं.: ३१२०१५१०२६

फोन नं ०८८-५३००१९
Email: akcrukumw@gmail.com
Website: www.adorukumwest.karnali.gov.np

पत्र संख्याः- २०८२/८३ प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०५/१३
सूचना नं.-०५

विषयः **कार्यक्रममा सहभागीताका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना !!!**

यस कार्यालयको आर्थिक वर्ष २०८२/८३ को स्विकृत बार्षिक **"संघ शसर्त अनुदान कार्यक्रम"** अन्तर्गत तपसिलका कार्यक्रमहरु संचालन गर्ने लक्ष्य रहेकाले लक्षित क्षेत्रका इच्छुक कृषि फर्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारी संस्थाहरुबाट कार्यक्रम सहभागिताका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०८२/०६/११ गते सम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न सूचित गराईन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन । कार्यक्रमको मूल्याङ्कन, छनौट तथा कार्यान्वयन **"प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७,** को परिच्छेद-४ को ४.२. 'ब्याबसायिक कृषि उत्पादन केन्द्र **(ब्लक)** विकास **कार्यक्रम"** अनुसार हुनेछ । यस सम्बन्धि थप जानकारीका लागि कार्यालयको Website: *www.adorukumwest.karnali.gov.np* हेर्न र डाउनलोड गर्न वा कार्यालयको टलिफोन नं. *०८८-५३००१९ वा मोवाईल नंम्बर ९८५७८२४२११* मा सम्पर्क गर्न सकिने छ ।

तपसिलः

| क.सं. | कार्यक्रम/क्रियाकलापको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | मसलाबाली (लसुन/अदूवा/बेसार) ब्लक विकास कार्यक्रम) निरन्तरता, मुसिकोट नगरपालिका १० । | ८ लाख | लागतको ५०% अनुदान । |

आवश्यक कागजातहरुः

१. रु. १० टिकट टाँसको निबेदन साथ व्यवसायिक योजना ।
२. मसलाबाली खेती गर्ने कृषकहरुको नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपि ।
३. कृषक समूह/सहकारीहरुको हकमा कार्यक्रम मागको निर्णय प्रतिलिपि ।
४. कृषि फर्म/ कृषक समूह/ सहकारीहरुको हकमा दर्ता प्रमाण पत्र ।
५. कृषि फर्म/कृषक समूह/सहकारीहरुको हकमा करचुक्ता प्रमाण पत्र ।
६. कार्यक्रम संचालन गर्दा विवाद नभएको र यस प्रकृतीको कार्यक्रममा अन्य कुनै पनि निकायबाट अनुदान सहयोग नभएको व्यहोरा खुल्ने सिफारिस पत्र ।
७. नियमानुसार जम्मा गर्नुपर्ने राजश्व दाखिला भौचर वा नगदि रसिद । (योजना १ लाख देखि ५ लाख सम्म भए रु. १००।० र पाँच लाख भन्दा बढीको भए रु. ५००।०)

........भरत बहादुर बस्नेत........
कृषि प्रसार अधिकृत (प्रथम)
नि.प्रमुख